# मनहरी गाउँपालिकाको

# बाल संरक्षण (अनुगमन, उद्दार, आपत्कालिन सहयोग तथा पुनरुस्थापना)

## कार्यविधि, २०७८

**मनहरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**रजैया, मकवानपुर ।**

गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति: २०७८।१२।०८

प्रमाणिकरण मिति: २०७८।१२।०८

**प्रस्तावना:**

बालमैत्री गाउँपालिका घोषणा भई बालअधिकार सम्बद्र्धन र विकासका निम्ति बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागिता सुनिश्चित गर्न, बालश्रम शोषण, बालविवाह तथा तमाम विभेदजन्य व्यवहार जस्ता बालबालिका विरुद्धका हानिकारक अभ्यासहरूको अन्त्य गर्न, बालबालिका माथि हुने घरेलु तथा लैङ्गिक हिंसा, दुर्व्यवहार, बेवास्ता वा परित्यक्तता हुने अवस्थालाई न्यूनीकरण गर्न, बालबालिकामाथि हुने यौन शोषण, बालबालिकाको ओसारपसार तथा बेचबिखन जस्ता कसूरजन्य कार्य तथा कुनै पनि जोखिमबाट बालबालिकालाई जोगाउन यस गाउँपालिकाको प्रचलित नीति, कानून तथा व्यवस्था तथा नेपालको संविधान २०७२, बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बालबालिकासम्बन्धी ऐन, २०७५, बालश्रम(निषेध र नियमिति) गर्ने ऐन, २०५६ लगायत अन्य प्रचलित ऐनहरू तथा कार्ययोजनाहरूलाई आत्मसात गरी समग्र बालबालिकाको संरक्षण गर्न बान्छनिय भएकोले मनहरी गाउँपालिकाले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो बाल संरक्षण (अनुगमन, उद्धार, आपत्कालिन सहयोग तथा पुनरुथापना) कार्यविधि, २०७८ तयार गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो कार्यविधिको नाम बाल संरक्षण (अनुगमन, उद्धार, आपत्कालिन सहयोग तथा पुनरुथापना) कार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि मनहरी गाउँपालिकाको कार्यपालिका बैठकले पारित गरेको मितिबाट लागू हुनेछ ।

**२. केही परिभाषिक शब्दहरु:**

क) "बाल संरक्षण नीति" बाल संरक्षण नीति भन्नाले मनहरी गाउँपालिकाको बाल संरक्षण नीति भन्ने सम्झनु पर्दछ ।

ख) "बालबालिका" बालबालिका भन्नाले १८ वर्ष उमेर पूरा नभएका व्यक्ति (बालक, बालिका तथा लैङ्गिक अल्पसंख्यक) लाई सम्झनु पर्दछ ।

ग) "कार्यपालिका" कार्यपालिका भन्नाले मनहरी गाउँपालिकाको गाउँ कार्यपालिका भन्ने बुझ्नु पर्दछ ।

घ) "समिति" समिति भन्नाले मनहरी गाउँपालिकाको कार्यपालिका अन्तरगत रहने गरी यस कार्यविधिमा व्यवस्था गरिएको बालबालिकाको घटना तथा स्थिति अनुगमन गर्न गठित बाल संरक्षण अनुगमन समिति भन्ने बुझ्नु पर्दछ ।

ङ) "उद्धार" उद्धार भन्नाले जोखिम तथा शोषणयुक्त स्थान वा अवस्थामा रहेका बालबालिकालाई उक्त स्थान वा अवस्थाबाट छुटकारा गर्ने कार्य सम्झनु पर्दछ ।

च) "पुनरुथापना" पुनरुथापना भन्नाले उद्धार गरिएका बालबालिकालाई संरक्षण र विकासको निम्ति निजको परिवार वा संरक्षक वा समुदायमा राख्नका लागि ल्याउने कार्यलाई सम्झनु पर्दछ ।

छ) "बालमनोविज्ञ" बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२(२) अनुसार नियुक्त वा गाउँपालिकाको रोष्टरमा दर्ता भएको मनोविमर्श तालिम प्राप्त व्यक्ति वा कुनै संस्थामा नियुक्त बालमनोविज्ञ सम्झनु पर्दछ ।

ज) "समाजसेवी" बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२(२) अनुसार नियुक्त वा गाउँपालिकाको रोष्टरमा दर्ता भएको वा कुनै संस्थामा नियुक्त सामाजसेवी सम्झनु पर्दछ ।

## परिच्छेद २

## उद्देश्य, लक्षित समूह तथा कार्यविधिको आवश्यकता

**३. उद्देश्य:**

गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका बालबालिकाका संरक्षणसँग सम्बन्धित समस्या सम्बोधन गरी बालअधिकार संरक्षणमा सघाउ पुऱ्याउने ।

**अन्य उद्देश्यहरू:**

गाउँपालिकालाई घोषणा पश्चात्को बालमैत्री स्थानीय शासनको व्यवस्था कायम राख्न अनुगमन प्रक्रियालाई व्यवस्थित एवम् नियमित गर्ने ।

बाल संरक्षणका प्रमुख सवालहरू बाल विवाह, बालश्रम शोषण, अभिभावक विहिनता, बालबालिकाको बेचबिखन तथा ओसारपसार, सामाजिक सञ्जाल लगायत समेतबाट हुने बाल यौन दुर्व्यवहार, हिंसा तथा लैङ्गिक विभेदको अन्त्य गर्ने ।

गाउँपालिकामा भएका बालअधिकार हनन्का घटनाको नियमित अनुगमन गर्ने ।

जोखिममा परेका बालबालिकाको उद्धार, आपत्कालिन सेवा, संरक्षण व्यवस्थापनमा सहयोग गर्ने ।

स्थानीय तहको क्षेत्राधिकार भित्रको बाल न्याय प्रक्रियालाई प्राथमिकता दिने र पीडित बालबालिकालाई न्याय निरुपणमा सहयोग गर्ने ।

**४. लक्षित समूह:** देहाय बमोजिमका बालबालिका यस कार्यविधिको लक्षित समूहमा रहनेछन् ।

- बालश्रममा संलग्न तथा बालश्रमको जोखिममा रहेका,
- बालविवाह भएका तथा बालविवाहको जोखिममा रहेका,
- बाबु वा आमा वा दुवै मृत्यु भएका, बेपत्ता भएका, परित्याग गरेका,
- वेवास्ता, हिंसा तथा विभेदमा परेका,
- सामाजिक सञ्जाल लगायत समेतबाट हुने बाल यौन दुव्र्यवहारमा परेका,
- बेचबिखन तथा ओसारपसारमा परेका वा पर्ने जोखिममा रहेका,
- कडा तथा दीर्घ रोग लागेर लालनपालन गर्न नसकेका परिवारका बालबालिका,
- दृष्टि विहिन, न्यून दृष्टियुक्त, बहिरा, सुष्त श्रवण, अटिजम, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिका तथा त्यस्ता अभिभावकका बालबालिका,
- विशेष हेरचाहको आवश्यकता भएका (बालबालिका सम्बन्धी ऐन २०७५)
- पारिवारिक समस्या वा चरम गरिबीका कारण संरक्षणको जोखिममा रहेका,
- कानूनी विवादमा परेका,
- प्रकोप उत्पन्न तथा महामारीमा परी विपदमा परेका ।

**५. बाल संरक्षण अनुगमन कार्यविधिको आवश्यकता:**

मनहरी गाउँपालिकाको पूर्वपश्चिम राजमार्ग आसपास क्षेत्रमा तिव्र गतिमा जनसंख्याको वृद्धि भइरहेको छ । आर्थिक गतिविधि बढेसँगै केही अनौपचारिक श्रम क्षेत्रहरूमा बालश्रम देखिएको छ । साथै यस गाउँपालिकाको दक्षिण पूर्वीय भेगबाट ठूलै संख्यामा श्रमको निम्ति बालबालिका बाहिर जाने क्रम यथावत छ । यस क्रमलाई रोक्नु आजको आवश्यकता बनेको छ । यसको साथै यस गाउँपालिकामा बसाईसराई भई आउने बढ्दो क्रमसँगै जनसंख्या वृद्धि भई बाल संरक्षणको जोखिम पनि बढिरहेको

। बालबालिका परित्याग गर्ने, बेवारिस छाड्ने, दुव्र्यशनी तथा लागू पदार्थको ओसारपसारमा बालबालिकाको प्रयोग, हेँला, हिंसा, दुव्र्यवहार, विभेद, बालविवाह, बालबालिकाको बेचबिखन तथा ओसारपसार, बाल यौन दुव्र्यवहार (भौतिक र सामाजिक सञ्जाल) लगायतका घटनाहरू हुन नदिने वातावरण तयार गर्नु तथा घटनालाई न्यूनीकरण गर्नु यस गाउँपालिकाको दायित्व बनेको छ । मनहरी गाउँपालिकालाई बालमैत्री घोषित गरिसकिएको परिप्रेक्षमा बालमैत्री सूचकहरूको अवस्थालाई सुदृढ गर्दै लैजान खास गरी बालबालिकाको हकहित संरक्षण गरी बालअधिकार सुनिश्चित गर्न र बालबालिकाका समग्र विकासमा सघाउ पुऱ्याउन बाल संरक्षण अनुगमन कार्यलाई कानून सम्मत, सहज, प्रक्रियागत र व्यवस्थित गर्न आवश्यक महसुस गरी गाउँपालिकाले यो बाल संरक्षण कार्यविधि तयार गरेको छ ।

## परिच्छेद ३

## अनुगमन समितिको गठन, काम, कर्तव्य र जिम्मेवारी

**६. बाल संरक्षण अनुगमन समितिको गठन:** बालअधिकार तथा बाल संरक्षणको अवस्था अनुगमन गर्ने, बालअधिकार हनन् एवम् बालबालिका विरुद्धको घटनाको जानकारी पाएको अवस्थामा घटनाको अनुगमन, उद्धार एवम् आपत्कालिन सहयोग समेतका लागि गाउँ कार्यपालिका कार्यालयको मातहतमा रहने गरी देहाय बमोजिमको ११ सदस्य रहेको एक बाल संरक्षण अनुगमन समिति रहने छ ।

१. मनहरी गाउँपालिका उपाध्यक्ष -संयोजक

२. सामाजिक विकास शाखा, प्रमुख -सदस्य

३. आर्थिक विकास शाखा, प्रमुख वा तोकिएको प्रतिनिधि -सदस्य

४. स्थानीय बालअधिकार समितिको तर्फबाट तोकिएको प्रनिनिधि -सदस्य

५. स्थानीय संघसंस्थाको तर्फबाट प्रतिनिधित्व हुने गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट मनोनित एक जना -सदस्य

६. गाउँ बाल सञ्जालबाट एक जना -सदस्य

७. उद्योग वाणिज्य संघबाट एक जना -सदस्य

८. स्थानीय पत्रकार एक जना -सदस्य

९. स्थानीय नेपाल प्रहरी, प्रमुख वा प्रतिनिधि -सदस्य

१०. बाल हेल्पलाइन प्रतिनिधि -सदस्य

११. बाल कल्याण अधिकारी (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख बाल कल्याण अधिकारीको व्यवस्था नभएसम्म) -सदस्य सचिव

समितिमा आवश्यकतानुसार श्रम तथा रोजगार कार्यालय तथा सरोकारवाला संस्थाहरू तथा विषयगत शाखा आमन्त्रित सदस्यको रुपमा रहन सक्नेछन् ।

**७. बाल संरक्षण अनुगमन समितिको काम, कर्तव्य र जिम्मेवारी:** बाल संरक्षण अनुगमन समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क) समितिको बैठक बस्नेः समितिको बैठक मासिक रुपले नियमित बस्ने छ । बैठक सम्बन्धी अन्य निर्णय तथा व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ । तर कुनै जरुरी विषय वा घटनाको जानकारी, सूचना वा उजुरी प्राप्त भएमा र आवश्यक भएमा संयोजकले सदस्य सचिवको परामर्शमा जुनसुकै वेला पनि बैठक बोलाउन सक्नेछन् ।

ख) अनुगमन टोली मार्फत् अनुगमन गर्नेः समितिले गाउँपालिका क्षेत्रमा आवश्यकता अनुसार अनुगमन गर्ने व्यवस्था मिलाउनेछ । कुनै बालअधिकार हनन् तथा बालबालिका विरुद्धका घटनाको जानकारी प्राप्त भएमा सो घटनाको सत्य तथ्य अनुगमन गर्नेछ । घटनाको अनुगमनको निम्ति संयोजकले सदस्य सचिवको परामर्शमा अनुगमन गरिने क्षेत्रको जानकारी भएको तथा सरोकारित सदस्यहरू रहेको अनुगमन टोली गठन गरी अनुगमनको निम्ति खटाउन सक्नेछन् । उक्त अनुगमन टोलीले घटनाको सत्य तथ्य अनुगमन गरी बालबालिकालाई उद्धार गर्नुपर्ने, तत्कालिन सहयोग गर्नु पर्ने, संरक्षण तथा कानूनी सहयोग लगायतका बाल संरक्षणसँग सम्बन्धित अन्य सहयोग गर्नु पर्ने भएमा समिति स्थानीय बाल अधिकार समितिलाई प्रतिवेदन पेश गर्नेछ । समितिले आवश्यक सहयोगको निमि कार्यपालिकामा सिफारिस गर्नेछ ।

ग) बाल संरक्षणका विशेष मुद्दाहरूमा नियमित अनुगमन गर्नेः समितिले बालश्रम, बालविवा बालबालिकाको बेचविखन तथा ओसारपसारको अवस्था बुझ्न सम्भावित क्षेत्र पहिचान गरी नियमि अनुगमन गर्ने व्यवस्था मिलाउनेछ । अनुगमनको क्रममा बालबालिका पीडित भएको पाईएमा तत्क

उद्धार, संरक्षण, कानूनी कारबाही तथा पारिवारिक पुनरुस्थापनाको निम्ति सरोकारवाला संघ-संस्थाह समेतको समन्वय र सहकार्यमा आवश्यक व्यवस्था मिलाउनेछ ।

घ) अभिभावक विहिन बालबालिकाको संरक्षणमा सहजीकरण गर्नेः गाउँपालिका भित्र कुनै पनि बालबालिकाको बाबु वा आमा वा दुवैको मृत्यु भएमा, बाबु वा आमा वा दुवै बेपत्ता भएमा वा परित्या गरेमा, बाबु पहिचान नभएमा तथा बालबालिकाको संरक्षण गर्ने हकवालाले उचित संरक्षण गर्न नसक भएको जानकारी प्राप्त भएमा सोको अनुगमन गरी त्यस्ता बालबालिकाको वैकल्पिक हेरचाह, सम्पत्तिक संरक्षण एवम् संस्थागत संरक्षणको व्यवस्था गर्न प्रतिवेदन सहित सिफारिस गर्नेछ । यस्त बालबालिकाको हकहित संरक्षणका निम्ति प्रदेश सरकार र संघीय सरकारबाट प्रदान गरिने सामाजि सुरक्षा सहयोग सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न सहयोग पुऱ्याइनेछ ।

ङ) बालबालिकालाई विभेद नगर्ने र उच्चतम हितलाई ध्यान दिनुपर्नेः समितिले बालबालिकाक अनुगमन गर्दा, उद्धार, संरक्षण, कानूनी कारबाही, पुनरुस्थापना लगायतको कार्य गर्दा वा बालबालिकाक हकहितको निम्ति कुनै पनि निर्णय गर्दा तथा सेवा प्रदान गर्दा विभेद गर्न नहुने र बालबालिकाक उच्चतम हित हुने कुरालाई ख्याल गर्नुपर्नेछ ।

च) फलोअप तथा अभिलेखीकरण गर्नेः अनुगमन गरी सेवा उपलब्ध गरिएका वा सेवाको निम्ति सिफारिस गरिएका बालबालिकाको फलोअप, अनुगमन र बालबालिकाको विवरण अभिलेखीकरण गर्नुपर्नेछ ।

छ) बालबालिकालाई बालमैत्री सेवा तथा वैयक्तिक गोपनियता कायम गर्(नेः बालबालिकाको अनुगमन उद्धार, संरक्षण, कानूनी सेवा तथा पुनरुस्थापना लगायत बालबालिकासँग प्रत्यक्ष रही जानकारी लिँ बालमैत्री बोली व्यवहार र उपयुक्त वातावरणको प्रबन्ध गर्नुपर्ने छ । सबै प्रक्रियामा बालबालिकाक व्यक्तिगत गोपनियतालाई कायम गर्नुपर्नेछ ।

ज) सरोकारवालाहरूसँग छलफल, प्रतिवद्धता र अनुगमनः गाउँपालिकामा भएका बाल संरक्षणका मुख्य सवालहरूमा सरोकारवाला पक्षहरूसँग छलफल कार्यक्रम आयोजना गर्नुपर्नेछ । बालश्रमको विषयम अभिभावक, रोजगारदाता तथा बालबालिकासँग छलफल कार्यक्रमको आयोजना गर्नुपर्नेछ । छलफलम

बालश्रम नराख्ने, राख्न नपठाउने र बालश्रम नगर्ने प्रतिवद्धता जाहेर गराउनु पर्नेछ । सो प्रतिवद्धताक अभिलेख गरी पालना भए नभएको समितिले नियमित अनुगमन गर्नेछ ।

झ) समन्वय र घटना व्यवस्थापन गर्नेः समितिले आवश्यकता अनुसारको सेवाका निम्ति नेपाल प्रहरी श्रम कार्यालय, बालबालिकाको स्थायी बसोबास भएको स्थानीय तह, प्रदेश सरकार, बाल हेल्पलाइन लगायत अन्य सरोकारवाला निकायहरू तथा संघसंस्थाहरूसँग समन्वय गर्नेछ र बालबालिकाको घटन व्यवस्थापन गर्नेछ ।

ञ) सचेतना तथा पैरवी कार्यक्रम सञ्चालनः समितिले बाल संरक्षणका प्रमुख सवालहरू जस्तैः बालश्रम बालविवाह, अनलाइन जोखिम, बालबालिकाको ओसारपसार तथा बेचबिखन, लैङ्गिक तथा घरेलु हिंस लगायतका विषयमा गाउँपालिका क्षेत्र भित्र सचेतना तथा पैरवी कार्यक्रम सञ्चालन गर्न आवश्यव व्यवस्था मिलाउनेछ । गाउँपालिकाको आधिकारिक सामाजिक सञ्जाल, विद्युतीय तथा अन्य सञ्चा माध्यम मार्फत् समेत बालबालिकाका उक्त विषयमा सचेतनाका सामग्रीहरू उत्पादन तथा प्रशारप गरिनेछ ।

## परिच्छेद ४
## अनुगमनको प्रमुख क्षेत्र, उजुरी तथा अनुगमन प्रक्रियाहरू

**८. बाल संरक्षण अनुगमनको प्रमुख क्षेत्रहरूः** बाल संरक्षण अनुगमनको प्रमुख क्षेत्रहरू यस कार्यविधिक बुँदा नम्बर ४ को लक्षित समूहमा उल्लेख भएका विषयको अतिरिक्त देहायका अन्य क्षेत्रहरू समेतम अनुगमन गरिनेछ ।

- विद्यालयमा बालबालिका माथि हुने दण्ड सजाय तथा हेपाईं,
- अभिभावकबाट बालबालिकालाई विद्यालय जानबाट बञ्चित गरिएको वा बालबालिका विद्याल जान नचाहेको,
- बालगृहमा रहेका बालबालिका,
- सार्वजनिक संरचना जस्तै सडक, भवन, ढल, नहर, बिजुली, पुल आदि निर्माण तथा मर्मत कार्यम बालबालिकाको संरक्षणलाई ख्याल गरिए नगरिएको,
- नदीजन्य पदार्थको उत्खनन स्थलमा बाल सुरक्षाको व्यवस्था गरे नगरेको,

- सडक बालबालिका,
- लैङ्गिक तथा घरेलु हिंसा,
- गैरकानूनी वस्तुको ओसारपसारमा बालबालिकाको प्रयोग,
- लागू पदार्थको किनबेच, सेवन तथा दुव्र्यसन आदि ।

**९. उजुरी, सूचना तथा जानकारी दिन सकिनेः** कुनै पनि बालअधिकार हनन् भएमा वा बालबालि विरुद्धका घटना भएमा बा बालबालिका संरक्षणको जोखिममा परेमा सहयोग र परामर्शका निमि पीडित वा समस्यामा परेका बालबालिका वा तिनका परिवार वा संरक्षक वा जो कोहीले नजिकको व कार्यालय, प्रहरी कार्यालय, गाउँपालिकामा रहेको महिला, बालबालिका शाखा वा हेल्प डेक्स, बा हेल्पलाइनको आपत्कालिन पैसा नलाग्ने फोन १०९८ (दश- नौ- आठ), राष्ट्रिय महिला आयोगको पै नलाग्ने फोन ११४५ मा उजुरी, सूचना तथा जानकारी दिन सक्नेछन् । वडा कार्यालयहरूले प्राप जानकारीलाई महिला, बालबालिका शाखामा जानकारी दिई समन्वय गर्नु पर्नेछ । बाल हेल्पलाइनम प्राप्त उजुरी तथा सूचनालाई महिला, बालबालिका शाखासँग समन्वय गरी कारबाही अगाडि बढाउ पर्नेछ । प्रहरी कार्यालयमा प्राप्त उजुरी तथा जानकारीलाई स्थानीय तहसँग समन्वय गर्नुपर्ने प्रकृतिव केसमा प्रहरी कार्यालयले समन्वय वा सिफारिस गर्न सक्नेछ ।

**१०. बाल संरक्षण अनुगमन गर्दा अपनाइने प्रक्रियाहरू:**

१०.१ नियमित अनुगमन प्रक्रियाः बाल संरक्षण अनुगमन समितिले समितिको बैठक बोलाई बुँ नम्बर ४ र ८ मा उल्लेख भए बमोजिमको बाल संरक्षण अनुगमन गर्नु पर्ने क्षेत्रहरू पहिचान गर्नेछ यी क्षेत्रहरूमा नियमित अनुगमन गर्ने आवश्यक प्रक्रिया, समय, प्रतिवेदन र कारबाही तथा सिफारि सम्बन्धी व्यवस्था समितिको बैठकले तोके बमोजिम हुनेछ ।

१०.२ विशेष अनुगमन प्रक्रियाः कुनै बालअधिकार उल्लंघन भएको, बालश्रम भएको, बालविवाह हु लागेको वा भएको, बालबालिकाको बेचबिखन तथा ओसारपसार हुन लागेको वा भएको, बालबालिव विरुद्ध यौन दुव्र्यवहार, लैङ्गिक तथा घरेलु हिंसा भएको, विद्यालयमा बालबालिकालाई शारीरिक तथ मानसिक सजाय भएको वा बालबालिकालाई हेपिएको, बाबु वा आमा वा दुवैको मृत्यु भएको व परित्यक्त गरिएको वा बेवास्ता गरिएको, आर्थिक तथा पारिवारिक समस्याको कारण बालबालिकाक

संरक्षण गर्न नसकेको लगायत बालबालिका कुनै पनि जोखिममा परेको भन्ने उजुरी, सूचना त जानकारी प्राप्त भएमा बाल संरक्षण अनुगमन समितिले घटना तथा अवस्थाको अनुगमन व देहायको प्रक्रिया अपनाउनेछ ।

१०.२.१ अनुगमनको निर्णय र तयारी :

क) अनुगमनमा खटाउनेः घटनाको सत्य तथ्य अनुगमन गर्न संयोजकले समितिका २ वा २ भन बढी सदस्यहरूलाई खटाउन सक्नेछ । घटनाको प्रकृति अनुसार प्रहरी, बाल हेल्पलाइन तथा अन निकायका प्रतिनिधि समेतको अनुगमन टोली बनाई अनुगमन गरिनेछ । अनुगमन कार्यमा जान निम्ति चाहिने खाजा, यातायात तथा आपत्कालिन सहयोग आदिका निम्ति समितिका संयोजक टोलीलाई आवश्यकता अनुसार सम्बन्धित शीर्षकबाट पेश्की उपलब्ध गराउनु पर्नेछ ।

ख) अनुगमनमा जानु पहिले अनुगमन टोलीको संक्षिप्त बैठक बस्नु पर्नेः अनुगमनमा जानु पहि अनुगमन टोलीको संक्षिप्त बैठक बस्नु पर्नेछ । अनुगमनमा जानु पूर्वको बैठकमा अनुगमन टोल नेताको छनौट गर्ने, अनुगमनको पुर्व तयारी गर्ने र संक्षिप्त अनुगमन योजना बनाई सदस्यहरु बि जिम्मेवारी बाँड्नु पर्दछ । अनुगमन टोलीका सम्पूर्ण सदस्यहरूले उक्त योजना र प्राप्त जिम्मेवा अनुरुपको भूमिका अनुगमनको क्रममा कार्यस्थलमा अपनाउनु पर्नेछ । गोपनियतालाई ख्यालमा राख अनुगमनका लागि जाने सदस्यहरूलाई अनुगमन गरिने स्थानको जानकारी अनुगमनमा जाने समयम मात्र गराउनु पर्नेछ ।

ग) अनुगमनका लागि आवश्यक तयारीः बालअधिकार अनुगमनमा जानु पहिले अनुगमन गरिने घटन वा क्षेत्रको सम्वेदनशीलताको आधारमा अनुगमन टोलीले आवश्यक तयारी गर्नु पर्दछ । आवश्यव तयारीमा आवश्यकतानुसार मनोविमर्शकर्ता वा सामाजिक कार्यकर्ता, महिला प्रतिनिधिलाई पनि टोलीम समावेश गर्ने, यातायातको व्यवस्था, सदस्यहरूलाई अनुगमन समयमा गर्ने कामको बाँडफाँट, तोकिएको व्यक्तिले मात्र फोटो खिच्ने र समितिको निर्णय विना सार्वजनिक नगर्ने बारे जानकारी र तयारी बालमैत्री अनुगमन, बालबालिका उद्धार गर्नु पर्ने अवस्था आएमा सोको प्रबन्ध र तयारी, आवश्यक उपचारको बन्दोवस्त, अनुगमनका लागि अनुगमन फारम, सरोकारवाला निकायसँगको समन्वय आदि जस्ता विषयमा पूर्व तयारी गर्नु पर्नेछ ।

घ).अनुगमनको जानकारी गराउनु पर्नेः अनुगमनमा जानु पहिले अनुगमन टोली प्रमुखले समिति संयोजकलाई अनुगमन निरीक्षण बारे पूर्व जानकारी गराउनु पर्नेछ । अनुगमनको क्रममा वा सो पश्च अनुगमन गरिएको विषयमा सञ्चार माध्यमलाई सूचना दिँदा एकद्धार प्रणाली अपनाउनु पर्नेछ, त्यस सूचना सम्प्रेषण गर्दा बालबालिकाको गोपनियतालाई पूर्ण पालना गर्नु पर्नेछ ।

१०.२.२. घटनाको अनुगमन कार्यः अनुगमन टोलीले अनुगमन गर्दा निम्न प्रक्रिया अपनाउनु पर्नेछ ।

क) बालमैत्री अनुगमनः यदि घटनाको अतिरिक्त बालबालिकाको अनुगमन गर्नुपर्ने भएमा अनुगम गर्दा बालबालिका रहेको ठाउँ वा कार्यस्थलमा बालबालिकाको तत्कालिन सुरक्षा गर्ने, भय र त्रास न गरी बालबालिकालाई विश्वासिलो र सहज वातावरण तयार गर्नु पर्दछ । बालबालिकासँग कुरा गर्नु भएमा उनीहरूसँग अलग्गै बसी बालमैत्री बोली, व्यवहार र वातावरणमा सहज हुने गरी कुरा गर्नु पर्न । बालिकासँग कुरा गर्नु परेमा महिला टोली सदस्य वा मनोविमर्शकर्ता वा सामाजिक कार्यकर्ताले कु गर्ने व्यवस्था गर्नु पर्नेछ ।

ख).बालश्रमको अनुगमनः बालश्रमको अनुगमन गर्दा भेटिएका बालबालिकासँग, संरक्षक, कामद कर्मचारी तथा रोजगारदातासँग सोधपुछ गरी टिपोट गर्नु (नाम, उमेर, ठेगाना, तलब, कार्य विवरण अन्य अवस्था) पर्दछ ।

१ यदि बालबालिका जोखिमपूर्ण श्रममा संलग्न रहेको पाइएमा तत्काल उद्धार गर्ने प्रबन्ध गर्नु पर्न । तर बालबालिकाको उमेर १४ वर्ष भन्दा माथि छ र जोखिम रहित क्षेत्रमा श्रम गरिरहेका छन् निजको शारीरिक र मानसिक अवस्था सामान्य देखिएमा, दुर्व्यवहार, शोषण भएको नपाइएमा, श्रमप्र बालबालिका सकारात्मक देखिएमा र कामदारसँगको कुराकानीबाट समेत बालश्रमिकको अवस्था तत्क उद्दार गरी हाल्न नपर्ने देखिएमा बालबालिकाको उद्धार नगरी अभिभावकलाई जिम्मा लगा रोजगारदातालाई सूचित गर्ने र सोको जानकारी गाउँपालिकालाई दिन समय किटान गरी कागज छाड्नु पर्दछ । तर बालबालिका श्रममा सन्तुष्ट छैनन्, काम छाड्न चाहन्छन्, सहयोग चाहन्छ दुर्व्यवहार र श्रमशोषण भएको छ भने प्रहरीको सहयोगमा बालबालिकाको तत्काल उद्धार गर्नुर पर्दछ । कानुनी कारबाही गर्नु पर्ने अवस्थामा, श्रम शोषण भएको खण्डमा श्रम कार्यालय बालबालिकाको तर्फबाट उजुरी गर्नु पर्दछ ।

२ यदि बालश्रमिक १४ वर्ष भन्दा कम उमेका छन् भने श्रम कार्यालय वा प्रहरीको सहयोगमा बालबालिकालाई तत्काल उद्दार गर्नु पर्दछ र कानूनी कारबाहीको निम्ति अनुगमन टोलीले बालबालिकाको तर्फबाट श्रम कार्यालय वा प्रहरीमा उजुरी गर्नु पर्दछ ।

ग) बालविवाह हुन लागेको वा भएकोः बालविवाह हुन लागेको अनुगमन गर्दा संलग्न पक्षसँग कुराकानी गरी बालविवाह नगर्न सम्झाउने, कानूनी कारबाहीको जानकारी गराउने र सचेत गर्नु पर्दछ । बालबालिकासँग कुरा गरी यदि उनीहरू विवाह गर्न तयार भएको बुझिएमा थप परामर्शको व्यवस्था गर्नु पर्नेछ । यदि बालविवाह भइसके पछि अनुगमन गरिएको छ भने सम्बन्धित पक्षहरूसँग छलफल गरी विवाह बदर गर्न सम्झाउने, कानूनी कारबाहीको जानकारी गराउने र सचेत गर्नु पर्दछ । सम्झाई बुझाई गर्दा समेत विवाह बदर नगरे पीडित पक्षलाई प्रहरीमा उजूरी गर्न सहजीकरण गर्ने वा अवस्था हेरी कानूनी कारवाही प्रकृयाका निम्ति समिति मार्फत प्रहरीमा अनुरोध गर्नु पर्दछ । बालबालिकालाई भने आवश्यकतानुसार उद्धार गरी मनोसामाजिक मनोविमर्श प्रदान गर्नु पर्दछ ।

घ) बालबालिकाको बेचबिखन तथा ओसारपसार हुन लागेको वा भएकोः यदि बालबालिकाको बेचबिखन तथा ओसारपसार हुन लागेको घटनाको अनुगन गरिएको छ भने अभिभावक तथा बालबालिकालाई सम्झाई बुझाई गर्ने, जोखिमहरू र कानूनी कारबाहीको बारेमा जानकारी दिने र सचेत गराउनु पर्दछ । तर बालबालिकाको ओसारपसार तथा बेचबिखन भएको भएमा र परिवार तथा बालबालिका पीडित भएमा बालबालिकाको विवरण लिई बालबालिकाको खोजी एवम् पहिचान गरी उद्धारको निम्ति समिति मार्फत् पहल गर्न सिफारिस गर्नु पर्दछ ।

ङ) दुव्र्यवहार तथा हिंसा भएकोः बालबालिकाको अनुगमन गर्दा यदि बालबालिकालाई दुव्र्यवहार, हेंला, लैङ्गिक तथा घरेलु हिंसा, परित्यक्तता, वेवास्ता, अवहेलना, शोषण, शारीरिक तथा मानसिक दण्ड लगायत बालबालिकाको हक हित विरुद्धको कार्य गरेको पाइएमा स्थिति हेरी बालबालिकालाई उद्धार गर्ने, अभिभावकलाई परामर्श गर्ने र दोषी उपर कानूनी कारबाही गर्न सम्बन्धित निकाय वा गाउँपालिकाको न्यायिक समितिमा बाल संरक्षण अनुगमन समिति मार्फत सिफारिस गर्न सकिनेछ ।

च) अभिभावक विहिन वा जोखिम अवस्थाका बालबालिकाः बाबु वा आमा वा दुवैको मृत्यु भएको वा परित्याग गरेको वा बेपत्ता भएको र बालबालिकाको संरक्षण गर्ने कुनै अंशियार तथा आफन्तले संरक्षण

गर्न नचाहेको वा सक्षम नभएको वा संरक्षण गर्न नचाहेको वा संरक्षण गर्ने कोही पनि नभएको परिवारका बालबालिकाको अनुगमन गर्दा बालबालिकाको अवस्था, पारिवारिक अवस्था, हाल संरक्षण गरिरहेको परिवारसँग बुझी बालबालिकाको विवरण लिनु पर्दछ । यस्ता बालबालिकालाई वैकल्पिक संरक्षण एवं पुनरुथापना गर्न समिति र स्थानीय बाल अधिकार समितिमा सिफारिस सहित प्रतिवेदन बुझाउनु पर्नेछ ।

छ) अनुगमन प्रतिवेदनः अनुसूचि १ को फाराम भरी अनुगमन प्रतिवेदन तयार गरी सम्लग्न कागजात र बालबालिकाको विवरण सहित १५ दिन भित्र समितिमा वा समितिको बैठकमा र स्थानीय बाल अधिकार समितिमा पेश गर्नु पर्दछ । बालबालिकाको अवस्था हेरी शीघ्र सहयोग गर्नु पर्ने अवस्था भएमा यथासक्य चाँडै प्रतिवेदन बुझाउनु पर्नेछ । प्रतिवेदन अनुसार समितिले तत्काल कारबाहीका निम्ति पहल गर्नु पर्नेछ ।

## परिच्छेद ५

## बालबालिकाको उद्दार, राहत, संरक्षण, कानूनी सहयोग तथा पुनस्थापना

### ११. बालबालिकाको उद्धार तथा राहत सम्बन्धी व्यवस्थाः

११.१ बालबालिकाको उद्धारः

बालबालिकाको नियमित अनुगमन वा उजुरी, जानकारी, निवेदन तथा अनुरोध भई अनुगमन गर्दा बालबालिकाको उद्धार गर्नु पर्ने देखिएमा निम्न प्रक्रिया अपनाउनु पर्दछ ।

क) अनुगमन प्रतिवेदन र उद्धारको सिफारिसः बालबालिकाको अनुगमन गरी अनुगमन फाराम भरी बालबालिकाको उद्धार गर्नुपर्ने कारण र सुझाब सहित अनुगमन टोलीले समितिका संयोजकलाई अनुरोध गर्नुपर्ने

छ । यदि अनुगमनको क्रममा बालबालिका जोखिममा पाइएमा र तत्काल उद्धार गर्नुपर्ने परिस्थिति टोलीले देखेमा समितिका संयोजकलाई खबर गरी टोलीले बालबालिकाको उद्धार गर्नु पर्नेछ र सोको कारण सहितको प्रतिवेदन समितिका संयोजकलाई बुझाउनु पर्नेछ ।

ख) उद्धार योजनाः अनुगमन टोलीले बालबालिकाको उद्धार गर्न अनुगमन गर्नुपर्ने अवस्थामा टोली प्रमुखले नेपाल प्रहरी, बाल श्रमिकको हकमा श्रम कार्यालय, बाल हेल्पलाइन तथा अन्य गाउँपालिकासँग

आबद्ध संघसंस्थाहरू सहित बसी बालबालिकाको सुरक्षित उद्धार, राहत, कानूनी उपचार, संरक्षण स्वास्थ्य परीक्षण, मनोसामाजिक मनोविमर्श तथा पुनरुस्थापना सम्बन्धी पूर्व योजना बनाउनु पर्दछ ।

ग) उद्धार कार्य तथा कानूनी कारबाहीको निम्ति अनुरोधः यदि बालबालिका विरुद्धको घटना तथ अपराध भई अनुगमन गरी उद्धार तथा कानूनी कारबाही प्रक्रिया अगाडि बढाउनु पर्ने भएमा समितिले बालश्रमको हकमा श्रम कार्यालय एवम् प्रहरी कार्यालय र अन्य घटना भए प्रहरी कार्यालयलाई लिखित अनुरोध गर्नु पर्दछ र सहभागी गराउनु पर्दछ ।

घ) बालबालिकाको सुरक्षित उद्धारः श्रमिक बालबालिकाको हकमा श्रम कार्यालयका प्रतिनिधि र उद्धा टोली, प्रहरी सहित बालबालिका वा बालश्रमिक रहेको स्थानमा पुगी उद्धार गर्नु पर्दछ । बालबालिकाक उद्धार गर्दा उद्धार टोलीले निम्न कुरामा ध्यान दिनु पर्दछ :

१. उद्धार टोलीका सदस्यहरूले उद्धारको क्रममा बालबालिकासँग बालमैत्री बोली, व्यवहार, शैली विधिहरू अपनाउनु पर्दछ । उद्धार गर्दा उद्धार टोलीले बालबालिका त्रसित र भयभित नहुने कुराला ध्यानमा राख्नु पर्दछ ।

२. उद्धार कार्य सञ्चालन गर्दा बालबालिकाको सुरक्षालाई ध्यान दिनुपर्दछ ।

३. उद्धार गर्नुपर्ने विषयमा बालबालिकालाई जानकारी गराई सहमत गराउन प्रयास गर्नु पर्दछ ।

४. बालबालिकाको कानूनी प्रमाण, निस्सा आदि तथ्यलाई संकलन तथा सुरक्षित गर्नुपर्दछ ।

५. बालबालिका उद्धारको क्रममा आवश्यकता अनुसार बालश्रम राख्ने पक्षलाई बालबालिका उद्धारक विषयमा जानकारी गराउने ।

६. उद्धार टोलीमा कम्तिमा एक जना सामाजिक कार्यकर्ता तथा मनोविमर्शकर्तालाई संलग्न गराउ पर्दछ । यदि बालिकाको उद्धार गर्नुपरेको खण्डमा महिला प्रहरी वा महिला सामाजिक कार्यकर्ता तथ महिला मनोविमर्शकर्तालाई अनिवार्य उद्धार कार्यमा संलग्न गराउनु

पर्दछ ।

७. शारीरिक अपाङ्गता भएका तथा विशेष हेरचाह गर्नुपर्ने अवस्थाका बालबालिकाको लागि आवश्य सहयोग-सामग्रीको व्यवस्था गर्नु पर्दछ ।

८. स्थलगत रुपमा संक्षिप्त अभिलेख तथा कागजातको तयारी गर्नु पर्दछ ।

ङ) बालबालिकाको स्वास्थ्य परीक्षण तथा उपचारः उद्धारको क्रममा बालबालिका विरामी तथा घाइ अवस्थामा फेला परे तत्काल उपचार गर्ने व्यवस्था गर्नु पर्दछ । यदि बालबालिका रहेका स्थानमा व कार्यस्थलमा अभिभावक वा संरक्षक वा रोजगारदाताको लापरबाही वा दुर्व्यवहारको कारण विरामी व घाइते भएको पाईएमा प्रहरी मार्फत् घाजाँच गरी उपचार गर्नु पर्दछ । सामान्य अवस्थामा उद्धार पछि सबै बालबालिकाको प्राथमिक स्वास्थ्य परीक्षण गराउनु पर्दछ । मानसिक आघातमा परेक बालबालिकाको निम्ति मनोविमर्श सेवाको व्यवस्था गर्नु पर्नेछ ।

च) पीडक र पीडितलाई छुट्याउने व्यवस्थाः उद्धारपछि पीडित बालबालबालिका र पीडकलाई एउटै सवारी साधन र कोठामा नराखी बालबालिकालाई पीडकबाट थप प्रभाव वा आघात पुऱ्याउने वातावरणबाट अलग गर्नु पर्दछ ।

छ) कानूनी प्रमाणको संकलन र कानूनी परामर्शः उद्धारको क्रममा बालबालिकाविरुद्ध भएका कानूनी प्रमाणहरूको संकलन गर्ने, प्रहरीलाई उपलब्ध गराउने तथा घाउ-चोटको जाँच तथा स्वास्थ्य परीक्षण गराउने व्यवस्थाको निम्ति प्रहरीलाई अनुरोध गर्ने र सघाउनु पर्दछ ।

ज) बालबालिकाको सामग्रीको सुरक्षा र अभिलेखः उद्धार गरिएका बालबालिकाले प्रयोग गर्ने निजी वस्तु तथा भौतिक सामग्री (पुस्तक, कापी, कलम, मोबाइल, कपडा, नगद, जिन्सी, गहना, खेलौना आदि) को अभिलेख तयार गरी बालबालिकाको उद्धारसँगै ल्याउने र बालबालिका रहने स्थानमा लगी सम्बन्धित बालबालिकालाई जिम्मा लगाउनु पर्दछ ।

झ) बालबालिकाको विवरण सहितको प्रतिवेदन तयारः उद्धार गरिएका बालबालिकाको विवरण सहित प्रतिवेदन तयार गरी समितिमा पेश गर्नु पर्नेछ ।

ञ) असल मनसायबाट गरिएको कार्य मान्य हुनेः उद्धार टोलीले प्रचलित कानून सम्मत ढंगले असल मनसाय राखी गरिएको उद्धार कार्यलाई उपरोक्त सबै प्रक्रिया पुरा नगरी गरिएकै कारणले मात्र भए गरेको कार्य अमान्य हुने छैन ।

**१२. बालबालिकाको संरक्षण तथा कानूनी सहयोग सम्बन्धी व्यवस्था(बालबालिकाको तर्फबाट अभियोजन तथा उजुरी दिने)**

क) उद्धार गरिएका बालबालिकाको संरक्षणः उद्धार गरिएको बालबालिकालाई तत्काल संरक्षण निम्ति गाउँपालिकाले सञ्चालन गरिएको सेफ हाउसमा संरक्षण गर्न सकिनेछ वा प्रहरी गाउँपालिकाले सिफारिस गरी बाल हेल्पलाइन वा अन्य संस्थाहरूमा संरक्षणको निम्ति बालबालिक विवरण सहित पठाउनु पर्नेछ । आवश्यकता हेरी बालबालिकालाई आपत्कालिन, सहयोग, स्वास परीक्षण, उपचार, शैक्षिक सहयोग, वैकल्पिक स्याहारका निम्ति सहयोग तथा पारिवारिक पुनरुस्थाप गर्नुपर्दछ । बालबालिकाको घटना व्यवस्थापन र नियमित फलोअप गर्नुपर्नेछ ।

ख) अभिभावक विहिन वा जोखिम अवस्थाका बालबालिकाको संरक्षणः बाबु वा आमा वा दुवैको मृ वा परित्याग गरी वा बेपत्ता भएको र बालबालिकाको संरक्षण गर्ने कुनै अंशियार तथा आफन्त नभए वा सक्षम नभएको वा संरक्षण गर्न नचाहेको परिवारका बालबालिकाको अनुगमन गरी अनुगमन टोली समितिमा सिफारिस सहितको प्रतिवेदनको आधारमा त्यस्ता बालबालिकाको तत्कालिन संरक्ष वैकल्पिक संरक्षण वा दीर्घकालिन संरक्षणको निम्ति प्रबन्ध गर्नुपर्नेछ । साथै बालबालिकाको सम्पत्ति सुरक्षा गर्नु पर्नेछ । बालबालिकाको उद्धार गर्नुपर्ने भएमा उद्धार गरी अल्पकालिन संरक्षणको निम्ति गाउँपालिकाले सञ्चालन गरेको सेफ हाउसमा राख्न सकिने छ ।

ग) कानूनी सहयोग सम्बन्धी व्यवस्थाः कानून विपरित बालबालिका माथि भएको घटना त अपराधमा परी उद्धार गरिएका बालबालिका तथा परिवारमा संरक्षित बालबालिकालाई उजुरीक आधारमा गरिएको अनुगमन प्रतिवेदन र सिफारिसको आधारमा समितिले पीडितलाई न्याय पिडकलाई कानूनी कारबाही गर्नका निम्ति प्रहरी तथा सम्बन्धित निकायमा अभियोजनमा सहजीकरण तथा सिफारिस गरी पठाउनु पर्नेछ । गाउँपालिकाको न्यायिक समितिको क्षेत्राधिकार भित्रको कानून विषयमा न्यायिक समितिमा कानूनी सहजीकरको निम्ति सिफारिस गर्नु पर्नेछ ।

**१३. बालबालिकाको पुनरुस्थापना सम्बन्धी व्यवस्थाः** जोखिम परिस्थितिबाट उद्धार गरिएक बालबालिकालाई तत्कालिन सहयोगको निम्ति गाउँपालिकाको सेफ हाउस वा बाल हेल्पलाइन तथ अन्य बाल संरक्षण संस्थामा पठाईएका बालबालिकाको घटना व्यवस्थापन गराई परिवारमा बुझाउन सकिने अवस्थाका बालबालिकालाई तत् तत् निकाय वा संस्था मार्फत् परिवारमा पुनरुस्थापना गर्नुपर्नेछ । परिवारमा पुनरुस्थापना गर्दा शैक्षिक तथा परिवारको सहयोगको आवश्यकता भए संस्थाहरूसँग

समन्वय गरी आवश्यकता परेमा गाउँपालिका समेतबाट सहयोग गर्न समितिले महिला बालबालिक शाखालाई अनुरोध गर्नेछ । सामाजिक विकास शाखाले यस्ता बालबालिकालाई पुनरूथापनामा समन्वय गर्नुपर्नेछ ।

अभिभावक विहिन बालबालिकाको हकमा नजिकको नातेदार र सो नभएमा वैकल्पिक स्याहारक निम्ति प्राथमिकता दिई व्यवस्था गर्नु पर्नेछ । सो सम्भव नभए संस्थागत संरक्षणको व्यवस्थ मिलाउनु पर्नेछ । बालबालिकाको वैकल्पिक पुनरुथापनामा सरोकारवाला संस्थाहरूसँग समन्वय ग सकिनेछ ।

## परिच्छेद ६
## फलो अप, आर्थिक श्रोत व्यवस्थापन तथा सीमाहरू

**१४. फलोअपको व्यवस्थाः** उद्धार गरिएका तथा अनुगमन गरिएका बालबालिकाको स्थितिको बारेम समितिले आवश्यकता अनुसार कम्तिमा एक वर्ष सम्म फलोअप गरी जानकारी लिनु पर्नेछ फलोअपको क्रममा कुनै पनि समस्या भई बालबालिका जोखिममा रहेको पाइएमा त्यस्त बालबालिकाको पुनः अनुगमन गरी अवस्था हेरी सहयोग गर्नु पर्नेछ । वैकल्पिक हेरचाहमा राखिएक बालबालिकाको अनुगमन तथा फलोअप गर्दा पूर्व योजना अनुसारको संरक्षण नभएमा वा कुनै समस्य देखिएमा बालबालिकालाई पुनःस्याहार योजना बनाई सो अनुरुपको सहयोग गर्नु पर्नेछ ।

**१५. आर्थिक श्रोत व्यवस्थापन तथा सीमाहरू:**

क) आर्थिक श्रोतः बालअधिकार तथा बाल संरक्षण अनुगमन गर्न बाल संरक्षण अनुगमन समितिला आवश्यक भ्रमण खर्चको व्यवस्था गाउँपालिकाले गर्नेछ । कुनै खास प्रकृतिको अनुगमनको निमि चाहिने आर्थिक व्यवस्थापनका निम्ति प्रदेश सरकार, संघीय सरकार र अन्य संघ संस्थासँग समन्व गर्न सकिनेछ । बालबालिकालाई तत्कालिन सहयोग तथा पुनरूथापनाको निम्ति गाउँपालिकामा रहेक बाल कोषको रकम बाल कोष सञ्चालन कार्यविधि अनुरुप खर्च गरिनेछ ।

ख) अनुगमनका सीमाहरूः बाल संरक्षण अनुगमन समितिको कार्य क्षेत्र तथा सीमाह गाउँकार्यपालिकाको विद्यमान कानून, नीति, बालमैत्री स्थानीय तह घोषणा कार्यान्वयन कार्यविधि, २० तथा बाल संरक्षण नीति, २०७८ तथा प्रचलित ऐन कानूनले दिए बमोजिम हुनेछन् ।

## परिच्छेद ७
## विविध

**१६. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा नभएका विषयहरू प्रचलित कानून तथा कार्यविधि बमोजिम हुनेछ ।

**१७. बाधा अड्काउ फुकाउन सक्नेः** यो कार्यविधि कार्यान्यनका क्रममा कुनै बाधा अड्काउ भएमा गाउँकार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ ।

**१८. अनुगमनमा प्रयोग गरिने फारामहरूः**

बाल संरक्षण अनुगमनका निम्ति देहायका फारामहरू प्रयोग गर्नु पर्नेछ । बाल संरक्षण अनुगमन समितिले आवश्यकता अनुसार निर्दिष्ट फारामहरूमा परिमार्जन गर्न तथा अन्य फारामहरूको तयार गर्न सक्नेछ ।

| | |
|---|---|
| क. बालबालिका दर्ता फाराम | फाराम नंम्बर १ |
| ख. बाल संरक्षण अनुगमन फाराम | फाराम नम्बर २ |
| ग. बालबालिका पुनरुथापना फाराम | फाराम नम्बर ३ |
| घ. बालबालिका पुनः भेटघाट फाराम | फाराम नम्बर ४ |

बाल संरक्षण अनुगमनमा प्रयोग गरिने फारामहरू अनुसूचिमा राखिएका छन् ।

मनहरी गाउँपालिका

चक्रराज उप्रेती
अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

अनुसूची

अनुगमनमा प्रयोग गरिने फारामहरू

मनहरी गाउँपालिका

बालअधिकार समिति

**बाल संरक्षण** घटना दर्ता नं.: ......

फाराम नम्बर १

दर्ता मिति : ..........

**१. बालबालिकाको विवरण :**

**बालबालिकाको नाम** ........................................ **उमेर** ...................... **लिङ्ग**.....................

**ठेगाना :** ...........................................................................................................

बाबुको नाम : ....................................
पेशा : ..............................................

**अवस्था :** जीवित / मृत्यु / छाडेको /बेपत्ता
मृत्यु/ छाडेको /बेपत्ता भएको भए कति भयो .........

आमाको नाम : ................................
पेशा : ...........................................

**अवस्था :** जीवित / मृत्यु / छाडेको /बेपत्ता
मृत्यु / छाडेको /बेपत्ता भएको भए कति भयो ..........

**सौतेलो बाबु/आमा भए :** नाम ................................. कोसँग बस्ने ................................
ठेगाना ..................................................................... सम्पर्क नं. ....................................

कसैको संरक्षणमा रहेको भए नाम : ....................................................... नाता : ................
कहिलेदेखि : ......................................................... कारण : .............................................
सम्पर्क नम्बर :..................................................

**२. घटना विवरण :** ..........................................................................................
..........................................................................................................................
..........................................................................................................................
..........................................................................................................................

**३. अनुगमन गर्नु पर्ने भए अनुगमनको निम्ति कारण सहितको सिफारिस विवरण**
..........................................................................................................................
..........................................................................................................................

**सिफारिक कर्ता :** ....................... **पद :** ................ **सहि** ........... **मिति :** ............

**४. अनुगमनको निम्ति निर्देशन :** ..............................................................................
..........................................................................................................................

**निर्देशनकर्ता** ........................................ **पद :** ............... **सहि** .......... **मिति :** ............

एकराज उप्रेती
अध्यक्ष

**मनहरी गाउँपालिका**
**बालअधिकार समिति**
**बाल संरक्षण अनुगमन समिति**

घटना दर्ता नं.: .........

फाराम नम्बर २

दर्ता मिति : .............

**अनुगमन मिति :** ............... **स्थान :** .................. **समय :** .................

**१. अनुगमन गर्नु पूर्वको विवरण :**

**क. घटनाको सूचना विवरण :** ..........................................................................

**ख. अनुगमन गरिने विषय :** ..........................................................................

**२. अनुगमन गरिएको बालबालिकाको विवरण**

बालबालिकाको नाम .............................. उमेर ..................... लिङ्ग.............
ठेगाना : ..........................................................................

बाबुको नाम : ............................
पेशा : ...................................
**अवस्था :** जीवित/मृत्यु/छाडेको/बेपत्ता
मृत्यु/छाडेको/बेपत्ता भएको भए कति भयो....

आमाको नाम : ...........................
पेशा : ...................................
**अवस्था :** जीवित/मृत्यु/छाडेको/बेपत्ता मृत्यु /छाडेको/बेपत्ता भएको भए कति भयो ........

**सौतेलो बाबु/आमा भए :** नाम ................................ कोसंग बस्ने ...............
ठेगाना .................................................. सम्पर्क नं. ............................

कसैको संरक्षणमा रहेको भए नाम : ............................................. नाता : .....
कहिले देखि : ................................ कारण : ............................................
..........................................................................

**३. अनुगमन गर्दाको विवरण :**

**क. अनुगमन गरिएको विषय :** ..........................................................
..........................................................................

**ख. घटना सत्य तथ्य अनुगमन विवरण :** ..............................................
..........................................................................

**ग. बालबालिकामा भएको क्षतिको विवरण :** ...........................................
..........................................................................

**घ. शिक्षा सम्बन्धी विवरण :** ..........................................................
..........................................................................

**ङ. स्वास्थ्य सम्बन्धी विवरण :** ......................................................
..........................................................................

**च. अपाङ्गताको अवस्था भए विवरण :** ..................................................

..........................................................................................................................

**छ. जन्म दर्ता तथा पहिचान सम्बन्धी विवरण :** ..........................................
..........................................................................................................................

**ज. बालश्रममा संलग्न भए विवरण :**

**बालश्रमको प्रकृति** : घरेलु /होटेल /गलैचा /यातायात /मनोरञ्जन /निर्माण / कलकारखाना/भारी बोक्ने

**अन्य श्रमको क्षेत्र :** ........................................ **श्रमको अवधि :** ....................

बालश्रम राख्ने व्यवसायको नाम :.................................................. व्यवसाय दर्ता नम्बर : ..................................

व्यवसायीको नाम : ................................................... सम्पर्क नं. ..........

बालश्रममा बालबालिकाले भोगेका समस्या/घटना विवरण : .................................
..........................................................................................................................

**झ. हिंसा/विभेद/वेवास्था/दुर्व्यवहार गरिएको भए विवरण :** ..............................
..........................................................................................................................

**ञ. परित्याग गरिएको भए विवरण :** ........................................................
..........................................................................................................................

**ट. बाबुआमा नभएको/पहिचान नभए विवरण :** ..........................................
..........................................................................................................................

**ठ. यौनशोषण तथा यौन दुर्व्यवहार भए विवरण :** ..........................................
..........................................................................................................................

**ड. बाबुआमाले संरक्षण गर्न नसक्ने भए विवरण :** ..........................................
..........................................................................................................................

**ढ. संरक्षकले संरक्षण गर्न नसक्ने भए विवरण :** ..........................................
..........................................................................................................................

**ण. बालबालिकाको अभिभावक जेलमा भए विवरण** ..........................................
..........................................................................................................................

**त. अन्य कुनै जोखिमा भए विवरण :** ..........................................
..........................................................................................................................

**६. सरोकार पक्षको भनाई :** ..........................................

**७. अनुगमन टोलीको भनाई/सुझाव/सिफारिस :** ..........................................

अनुगमन टोली नामहरू :१. .................................... २. ..............................

३. .................................... ४. ..............................

टोली संयोजकको हस्ताक्षर .......................... मिति : ......................

**मनहरी गाउँपालिका**
**बाल अधिकार समिति**
**बाल संरक्षण अनुगमन समिति**

फाराम नं. ३

दर्ता नं........................
दर्ता मिति....................
पुनस्र्थापना मिति..........

**१ बालबालिकाको व्यक्तिगत विवरण**

दर्ता नाम ..................................बास्तविक नाम ..................................... उमेर ......... लिङ्ग........... स्थायी ठेगाना : गा.वि.स/न.पा............................................ वडा नं. ........... टोल................ जिल्ला................. प्रदेश .................. सम्पर्क फोन नं. ........................

बालबालिका बुझाइएको ठेगाना : गा.बि.स/न.पा. ........................................... वडा. ....... टोल ......................
जिल्ला................. प्रदेश ............... सम्पर्क फोन नं. ......................

**२ बालबालिकाको पारिवारिक विवरण**

| | |
|---|---|
| बाबुको नाम......................... पेशा.................................. | अवस्था : जीवित/मृत्यु/छाडेको/वेपक्ता मृत्यु/ छाडेको/वेपक्ता भए कहिले : .................. |
| आमाको नाम....................... पेशा.................................. | अवस्था : जीवित/मृत्यु/छाडेको/वेपक्ता मृत्यु/ छाडेको/वेपक्ता भए कहिले : .................. |

सौतेनो बाबु/आमा भए : नाम............................ बालबालिका कोसँग बस्ने ......
ठेगाना : ...........................................................................................

बालबालिका बुझिलिनेको नाम : ........................................................................... बालबालिकासँगको नाता : ...............................
नाता प्रमाणित कागजात वा परिचय खुल्ने प्रमाण : ...........................................................
बुझिलिनेको ठेगाना र सम्पर्क ............................

**२ क. बालबालिकाको परिवारका सदस्यहरु**

नाम ............................................. उमेर ...... नाता ................. शिक्षा .................
नाम ............................................. उमेर ...... नाता ................. शिक्षा .................
नाम ............................................. उमेर ...... नाता ................. शिक्षा .................
नाम ............................................. उमेर ...... नाता ................. शिक्षा .................
नाम ............................................. उमेर ...... नाता ................. शिक्षा .................

**३ बालबालिकाको सम्पर्कको निम्ति**

३ क) सम्पर्क व्यक्तिको नाम : ....................................................... नाता : .................. सम्पर्क नं. : .............................. ठेगाना : ..............................................................
ख) सम्पर्क व्यक्तिको नाम : ....................................................... नाता : .................... सम्पर्क नं. : .............................. ठेगाना : ..............................................................

**४. बालक/बालिका जिम्मा लिएको भर्पाई:**

...कराज उप्रेती
अध्यक्ष

मनहरी गाउँपालिका
...जेया, मकवानपुर
बागमती प्रदेश, नेपाल

लिखितम.........................................................को नाति/नातिनी .......................
.............................................. को छोरा/छोरी ............................................... जिल्ला
................................. गा.वि.स./न.पा. ............................ वडा नं. बस्ने वर्ष ........
को ....................................... आगे मेरो सहदोर.............. नाताका ...........................
को नाति/नातिनी .................................... को छोरा/छोरी.........................................
जिल्ला...................
गा.वि.स./न.पा.वडा नं ..... घर भै.................................. मार्फत
............................................. बाट उद्धार गरी मिति............. देखि
...................................... मा बस्दै आएका वर्ष ........ को .....................................
बालक/बालिकालाई आजका मिति ...................... मा मैले किनाराका साक्षीहरुको रोहवरमा
बुझि लिएको ठिक साचो हो । पछि मैले निज ..................................... बालक/बालिकालाई
बुझि लिएको छैन भनी कुनै किसिमको उजुर गर्ने छैन । गरेमा यसै कागजद्धारा बदर गरी कानुन
बमोजिम होस भनी मेरो मनोमानी खुसीराजीका साथ यो भर्पाई लेखि सहीछाप गरी
.................... ...................... लाई दिए ।
इति सम्बत् २० ....... साल................. महिना......... गते......... रोज.......... शुभम् ।

दाँया | बाँया

१. साक्षी
नाम ........................ उमेर........ पेशा......................
ठेगाना........................................ सम्पर्क नम्बर
२. साक्षी
नाम ........................ उमेर........ पेशा......................

बालक/बालिकालाई बुझिलिने व्यक्तिको सहि .............................................................
नाम ...........................................................................................................
बालबालिका बुझाउनुको कारण : ...........................................................................
..................................................................................................
बालबालिका बुझाउनेको नाम : ............................................................... सहि : ......................पुनर्स्थापना
मिति : .................कार्यालयको छाप ......................

मनहरी गाउँपालिका

एकराज उप्रेती
अध्यक्ष

**मनहरी गाउँपालिका**
**बाल अधिकार समिति**
**बाल संरक्षण अनुगमन समिति**

फाराम नं. ४

दर्ता मितिः ........ दर्ता नं.:..........पुनस्थापना मिति ......

पुनःभेटघाट मितिः ..........

| १ | बालबालिकाको व्यक्तिगत विवरण |
|---|---|

नाम : ........................................................................................उमेरः......... लिं : ..................... बोलाउने : ..........................................................

**स्थायी ठेगाना :** गा.पा./न.पा.................................................... वडा नं. ..............
टोल.................. सम्पर्क नं. ................. जिल्ला...................... प्रदेश .................
बालबालिका भेटेको स्थान : .............................................. समय .......................

**बालबालिकाको अवस्था विवरण :**

**क) शिक्षा :** ..........................................................................................

**ख) पारिवारिक सम्बन्धको अवस्था :** ......................................................................

**ग) पारिवारिक जीविकाको अवस्था :** ..............................................................

**घ) जोखिमताको अवस्था :** ......................................................................

**बालबालिकाको भनाई :** ......................................................................

**संरक्षक तथा अभिभावकको भनाई :** ......................................................

**पुनःभेटघाट गर्ने व्यक्तिको धारणा/सुझाब :** ......................................................

अनुगमनकर्ताको नामः...................... सही.......................

मनहरी गाउँपालिका

...कराज उप्रेती
अध्यक्ष

मनहरी गाउँपालिका
...कार्यपालिकाको कार्यालय
...रंजिया, मकवानपुर
बागमती प्रदेश, नेपाल